# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटुन्जे, भक्तपुर

पत्र संख्या :-०७९/०८०
चलानी नं :-

विद्युतीय दरभाउ पत्र नं ३/२०७९/०८०
दोश्रो पटक प्रकाशित मिति २०७९/०९/२७

आ.ब. २०७९/०८० को बार्षिक कार्यक्रम अनुसार यस नगरपालिका अन्तर्गत सूर्यविनायक नगर अस्पतालको फार्मेसीमा बिक्रीको लागि आवश्यक औषधी तथा सर्जिकल सामाग्रीहरु खरिद गर्नुपर्ने भएकोले यो विद्युतीय दरभाउपत्र आह्वान गरिएको छ । विद्युतीय दरभाउपत्र PPMO को वेबसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नु पर्नेछ ।

१. विद्युतीय दरभाउपत्र तोकिएको दस्तुर फिर्ता नहुने गरी यस कार्यालयको NIC ASIA BANK भक्तपुरस्थित आन्तरिक राजश्व खाता नं. ग.१-१-००८२०५००४२१२०००३मा दाखिला गरेको सक्कलै बैंक भौचर र दरभाउपत्र जमानत वापत धरौटी खाता नं. ग.३-००८२०५००४२१२००१७ मा छुट्टा छुट्टै प्याकेज अनुसारका औषधी र सर्जिकल सामाग्रीको लागि दाखिला गरेको सक्कलै बैक भौचर वा दरभाउपत्रदाखिला गर्ने अन्तिम मितिबाट कम्तीमा ७५ दिन म्याद भएको मान्यता प्राप्त बैंकबाट जारी भएको बैक ग्यारेन्टी दरभाउपत्रसाथ अपलोड गर्नुपर्नेछ ।

२. पेश हुन आएको विद्युतीय दरभाउपत्र पूर्ण रुपमा स्वीकार गर्ने, आंशिक रुपमा स्वीकार गर्ने वा पूर्ण रुपमा अस्वीकार गर्ने जस्ता सम्पूर्ण अधिकार यस कार्यालयमा निहित हुनेछ।

३. विद्युतीय दरभाउपत्रदाताले दरभाउपत्र साथ फर्म दर्ता नवीकरण गरेको प्रमाणपत्रको प्रतिलिपी, औषधि तथा सर्जिकल सामान विक्री गर्ने इजाजत पत्रको प्रतिलिपी,VAT/PAN दर्ताको प्रतिलिपी, आ.व.२०७८।०७९ सम्मको कर चुक्ता प्रमाणपत्र,आफू खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको,प्रस्तावित खरिद कारवाहीमा आफ्नो स्वार्थ नबाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफूले सजाय नपाएको भनी लिखित रुपमा गरेको स्वःघोषणा गरेका कागजातहरु अपलोड गर्नुपर्नेछ ।

४. रीत नपुगेको विद्युतीय दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन । साथै विद्युतीय दरभाउपत्र स्वीकृत भएपछि अस्पतालले आवश्यकता अनुसार खरिद आदेश दिनेछ । खरिद आदेशमा दिएको म्याद भित्र औषधी र सर्जिकल सामाग्री उपलब्ध गराउनु पर्ने छ ।औषधीर सर्जिकल सामग्री म्याद भित्र बुझाउन नसकेमा प्रचलित सार्वजनिक खरिद सम्बन्धी ऐन, नियम बमोजिम कारवाही हुनेछ र यसबाट सिर्जना हुने सम्पूर्ण दायित्व दरभाउपत्रदाताले नै व्यहोर्नु पर्नेछ ।

# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटुन्जे, भक्तपुर

पत्र संख्या :-०७९/०८०
चलानी नं :-

५. आपुर्ति हुने प्रत्येक औषधी तथा सर्जिकल सामाग्रीको बाहिर उत्पादन मिति,ब्याच नम्बर उल्लेख हुनुपर्नेछ। साथै सप्लाई हुने औषधी तथा सर्जिकल सामाग्रीको बिलसाथ ब्याच नम्बर र WHO GMP सर्टिफिकेट पेश गर्नुपर्नेछ।

६. विद्युतीय दरभाउपत्र सम्बन्धी अन्य केही कुरा बुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क गरी बुझ्न सकिनेछ। साथै यस सूचनमा उल्लेख हुन छुट भएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

७. यस दरभाउपत्र मार्फत खरिद गरिने औषधी तथा सर्जिकल सामग्रीहरु यस नगरपालिका अन्तर्गत सुर्यविनायक नगर अस्पताल, जगातीको फार्मेसीबाट विकी प्रयोजनको लागि खरिद गरिने भएकाले उक्त सामानमा उल्लेखित अधिकतम बिकीमूल्य(MRP) मा कम्तीमा २० प्रतिशत वा सो भन्दा बढीमा घटाई दररेट पेश गर्नु पर्नेछ। सर्जिकल सामाग्रीको हकमा अधिकतम बिकी मूल्य (MRP) मा कम्तीमा ३० प्रतिशत वा सो भन्दा बढीमा घटाई दररेट पेश गर्नु पर्नेछ। बढी मूल्य पेश भएको दरभाउपत्रस्वीकृत भएमा माथि उल्लेख भए अनुसारको प्रतिशतले घटाई हुन आउने रकमलाई पेश गरेको मूल्य कायम गरी भुक्तानी गरिनेछ।

८. विद्युतीय दरभाउपत्र स्वीकृत भएमा अस्पतालले कम्पनी तोकी सोही कम्पनीले उत्पादन गरेको औषधि माग गरेमा उक्त दररेटमा आपूर्ति गर्नुपर्ने छ।

९. विद्युतीय दरभाउपत्रमा उल्लेखित सामानको दर बाहेक कुनैपनि अन्य खर्च व्यहोरिने छैन।

१०. आपूर्तिकर्ताले सम्पूर्ण सामान अस्पताल सम्म ल्याई संलग्न लिष्ट अनुसार चेकजांच गराई बुझाउनु पर्ने छ।

११. यस अस्पतालमा सामान दाखिला हुन आउँदा उपभोग मिति ८० प्रतिशत वा सो भन्दा बढी हुनु पर्ने छ।

१२. दरभाउपत्रदाताले सूर्यविनायक नगर अस्पतालको फार्मेसीसंग समन्वय गरी औषधिको म्याद समाप्त हुनु १(एक) महिना अगावै फिर्ता लिई सो को सट्टामा प्रर्याप्त म्याद भएको औषधि आपूर्ति गर्नु पर्नेछ।

# सूर्यविनायक नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## कटुञ्जे, भक्तपुर

पत्र संख्या :-०७९/०८०
चलानी नं :-

१३. दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति र समय: २०७९/१०/१२ गते दिउसो ११ बजे सम्म र दरभाउपत्र खोलिने मिति र समय: २०७९/१०/१२ गते दिउसो ११:१५ बजे ।

<u>तपसिल</u>

| विद्युतीय दरभाउपत्र नं. | औषधी/सर्जिकल सामग्रीहरु | बैंक जमानत रकम रु. | बैंक जमानतको म्याद | दरभाउपत्रदस्तुर रकम ( फिर्ता नहुने ) |
|---|---|---|---|---|
| स्वास्थ्य ३/०७९/०८०/०१ | Medicine Package A | ३३५०० | ७५ दिन | रु १००० |
| स्वास्थ्य ३/०७९/०८०/०२ | Medicine Package B | १५६५०० | | रु ३००० |
| स्वास्थ्य ३/०७९/०८०/०३ | Medicine Package C | १९५०० | | रु १००० |
| स्वास्थ्य ३/०७९/०८०/०४ | Medicine Package D | ३५००० | | रु १००० |
| स्वास्थ्य ३/०७९/०८०/०५ | Medicine Package E | ३१००० | | रु १००० |
| स्वास्थ्य ३/०७९/०८०/०६ | Medicine Package F | ५१००० | | रु १००० |
| स्वास्थ्य ३/०७९/०८०/०७ | Surgical Package | ८६००० | | रु ३००० |

२०७९।०९।२९

प्रमुख प्रशासकीय अधिकृत